# मदाने गाँउपालिकाको गाँउशभामा प्रस्तुत
# आर्थिक वर्ष २०७५/०७६ को
# नीति तथा कार्यक्रम

**सभाध्यक्ष महोदय,**

**गाँउसभाका सम्पुर्ण सदस्य ज्यूहरु,**

**आमन्त्रित राजनैतिक दलका प्रतिनिधिहरु समाजसेवी वुद्धिजीवि ब्यक्तिहरु कर्मचारी मित्रहरु**

सर्वप्रथम यस गरिमामय सभामा मदाने गाँउपालिकाको दोस्रो वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा गौरवान्वित भएको छु । सदियौ देखी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि विभिन्न कालखण्डमा आफ्नो जीवनको आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै आन्दोलनमा घाइते अपाङ्ग तथा बेपत्ता भएका सबै योद्धा प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु । नेपाली आमाका सपुतहरुको संघर्षपूर्ण योगदान बाट देशले गणन्त्रात्मक संविधान पाएको छ र त्यहि संविधान कार्यान्वयनको चरण अन्तर्गत आफ्ना प्रतिनिधी मार्फत स्थानीय तहमा शासन गर्ने उत्कृष्ठ चाहना पुरा भएकोछ । यि प्राप्तिहरुको लागि योगदान गर्नुहुने सम्पुर्ण महानुभावहरु प्रति आभार र धन्यावाद व्यक्त गर्दछु ।

गरिवी वेरोजगारी, अशिक्षा, पछौटेपन, न्यून उत्पादकत्व, आयातमा निर्भरता, छरिएर रहेका बस्ती, भौगोलिक कठिनाई र भौतिक पुर्वाधार विकासको न्यूनता, सिमित स्रोत र साधन, जनताका असिमित चाहना र आकांक्षा यस गाउँपालिकाको मुख्य चुनौति रहे पनि संवेदनसिल तथा विकास प्रेमी जनता भौगालिक तथा सांस्कृतिक विविधता, जडिबुटि तथा पर्यटनको प्रयाप्त संभावना, श्रोत साधनको प्रचुरता यस गाउँपालिकाको विकासको आधार हो । उपलब्ध श्रोत र साधनको कुशल र समुचित परिचालन गरि समृद्ध मदाने निर्माण हुने विश्वास लिएको छु । विकास र समृद्धि निरन्तर चलिरहने प्रक्रिया हो । उपलब्ध श्रोत साधनहरुको प्रभाबकारी उपयोग मार्फत् जनताको आबश्यकता एबं चाहनाहरुको प्राथमीकिकरण गरि आम जनताको सहाभागितामा मदाने गाउँपालिकाको सर्वाङ्गीण विकास आजको आवश्यकता हो । आर्थिक, सामाजिक, राजनीतिक, सास्कृतिक तथा शैक्षिक लगायत समग्र क्षेत्रको विकास गरी यसको प्रतिफलको समान र न्यायोचित वितरण मार्फत् जनतालाई परिवर्तनको प्रत्यक्ष अनुभुती दिलाउन यस मदाने गाउँपालिकाको दोस्रो नीति तथा कार्यक्रम सफल हुनेछ भन्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

मदाने गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा प्रस्तुत गर्न चाहान्छु ।

## १. <u>आर्थिक विकास</u>

## (क) कृषि तथा सिंचाई

- आर्थिक विकासको मुलआधार कृषि र पसु हो भनी पहिलो प्राथमिकतामा कृषि तथा पसुको आधुनिकिकरण र व्यवसायिकरण गरी कृषिको उत्पादकत्व वृद्धी मार्फत गरिवी घटाउन र कृषकहरुको आयस्तरमा वृद्धी गर्न,,कृषि वाली अनुसन्धान कार्यक्रम अगाडी वढाईनेछ । उक्त अनुसन्धानका आधारमा तुलनात्मक लाभका वालीहरुको विकास गर्न दिर्घकालिन कृषि विकास योजना तयार गरी तद्अनुरुप कृषि व्यवसायमा सहुलियत/अनुदान दिने, कृषकलाई तालिम दिने र तुलनात्मक लाभका वालीहरुप्रति कृषकलाई आकर्षित गर्ने कार्यक्रमहरु संञ्चालन गरिनेछ ।
- कृषि उपजहरुको संरक्षण मूल्य निर्धारण गरी कृषकले आफ्नो उत्पादनको उचित मूल्य र वजार पहूँच पाउने सुनिश्चित गर्न विचौलियाको उपस्थितिलाई निरुत्साहित गर्ने नीति लागू गरिनेछ ।
- सामूहिक रुपमा कृषि व्यवसायमा संलग्न हुने कृषकहरुलाई एकीकृत रुपमा प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।
- कृषि तथा पशु विमा कार्यक्रम लागू गर्ने, साप्ताहिक हाटबजारको व्यवस्था गरी कृषिउपज खरिद बिक्रीको प्रबन्ध मिलाउने । गाँउपालिका भित्र उचित स्थानमा कृषि तथा पशु हाटवजार स्टल निर्माणको लागि कार्य प्रारम्भ गरिनेछ ।
- कृषिमा आधारित सहकारि पसल सन्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- सहकारितामा आधारित कृषि प्रणालिलाई प्रोत्साहन गरिनेछ । कृषि सहकारीको माध्यमवाट सामुहिक लगानी र प्रतिफलको सुनिश्चितता गर्न, संगठित संस्था मार्फत कृषि व्यवसाय संचालन गर्न सवै नागरिकहरुलाई सहकारीतामा आवद्ध हुने वातावरण निर्माण गरिनेछ ।
- गरिबिको रेखा मुनि रहेका करिव ५०० घर परिवारलाई समुहको जिम्मेवारिमा रहने गरि उन्नत जातका बोका तथा बाखा अनुदान उपलब्ध गराईनेछ ।
- एक गाँउ एक पोखरी कार्यक्रम स्थानीय जनताको साझेदारीमा सन्चालन गरिने छ ।
- मल, वीउ, कृषि औजार तथा सिचाई, ट्याक्टर, सवारी साधन एवं आधुनिक प्रविधि खरिदमा अनुदान, सहुलियत उपलब्ध गराइने छ ।
- चार <u>***ज***</u> जल, जमिन, जंगल र जनशक्तिलाई समुचित संरक्षण र सदुपयोग गर्ने निति आवलम्वन गरिनेछ ।
- कृषिमा युवालाई आकर्षित गर्न प्रर्बधानात्मक कार्यक्रम संञ्चालन गरिनेछ । पूँजिमा युवाहरुको सहज पहुच र कृषिको यान्त्रिकरणको लागि आवस्यक सहयोग गरी व्यवसायिक कृषिमा लाग्न प्रोत्साहन गरिनेछ ।
- उन्नत जातका गाई तथा भैसी पाल्ने कृषकहरुको पकेट क्षेत्र निर्धारण गरी समुह मार्फत अनुदान उपलब्ध गराईनेछ ।

- कृषि व्यावसायलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदानको ब्यवस्था गरि कृषि उत्पादनलाई वजारसम्म पुर्याउन सहकारी संस्थालाई गाडि उपलब्ध गराइनेछ ।
- पत्येक वर्ष १ लाख डाले घास तथा भुई घाँस लगाउन विउ खरिद गरि वितरणको व्यावस्था मिलाईने छ ।
- प्रदेस सरकारको सहकार्यमा र सहयोगमा कृषि उपजको सुरक्षित भण्डारणको लागि सित भण्डारणको निर्माण प्रकृया अगाडी वढाईने छ ।
- दुध संकलनको लागि डि फ्रिज लगायत अन्य आधुनिक औजार खरिद गर्न अनुदानको ब्यवस्था गरिने छ ।

### (ख) उद्योग तथा वाणिज्य

- स्थानीय श्रम, सीप र क्षमतामा आधारित आरन, सिलाई कटाई, डोको, डालो आदि जस्ता परम्परागत पेशाहरुलाई आधुनिकीकरण गरी व्यवसायिक बनाइने छ । उक्त व्यवसायको लागि व्यवस्थापकीय तालिम प्रदान गरिनेछ ।
- वन पैदावारमा आधारित उद्योग सञ्चालनलाई प्रोत्साहन गरिनेछ । वनपैदावारमा आधारित व्यवसायिकता प्रवर्द्धनमा सहयोग गरिनेछ ।
- कृषि उपजका प्रशोधन केन्द्रहरु स्थापना गरिनेछ, प्रशोधित उपभोग्य सामग्रीहरुको वजारीकरण गर्न आवश्यक पहल गरिनेछ । फर्निचर कारखाना, प्लाईउड कारखाना सञ्चालनका लागि सहजिकरण गरिनेछ ।
- वैदेशिक रोजगारमा रहेका युवाहरुलाई औद्योगिक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गरिनेछ ।

### (ग) पर्यटन विकास

- गाँउपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, सास्कृतिक र प्रकृतिक पर्यटकिय क्षेत्रहरुको पहिचान, विकास, संरक्षण र प्रचार प्रसार मार्फत यस क्षेत्रलाई महत्वपूर्ण पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- बुटवल, भैरहवा, दाङ्ग, नेपालगञ्ज जस्ता शहरका बासिन्दालाई बिदा मनाउनको लागि आकर्षित गर्ने पदमार्ग, हाइकिङ्गरुट, पार्क र उपयुक्त स्थानमा भ्युटावर निर्माण र संचालन गरिनेछ ।
- गाउँपालिकाभित्रका लोक संस्कृतिहरु सरायँ, सोरठी, भैलो, पञ्चेवाजा, लोक भजन, झ्याउरे भाका आदिको संरक्षण र विकास गरिने छ । त्यसको लागि प्रतिष प्रधात्मक कार्यक्रमको आयोजना गर्ने, वाजा तथा अन्य उपकरण खरिदमा प्रोत्साहन गरिनेछ ।
- होमस्टे पर्यटन सन्चालनको लागि सम्भाव्य क्षेत्रहरुको पहिचान र विकास गरिनेछ ।
- रिसोर्ट सन्चालन गर्न चाहने व्यवसायिहरुलाई करिव १० वर्षकोलागि जग्गा उपलब्ध गरिनेछ ।
- पर्यटन गुरुयोजना निर्माण गरी कंकेदेउराली, टोप्रे, सइरेलेक, मदाने मालिका, ऐतिहासिक पुर्कोट कोट, अस्कुना, तिखेचुली तथा महत्वपूर्ण मठमन्दिर, पाटीपौवाहरुको संरक्षण र विकास गरिने छ ।

## २. सामाजिक विकास

## (क) शिक्षा तथा सञ्चार

- सार्वजनिक, नीजि तथा सहकारी क्षेत्र र गैर सरकारी संस्था समेतको सहकार्य र साझेदारीमा सुविधा सम्पन्न छात्रवास सहितको नेपाली र अङ्ग्रेजी भाषामा पढाई हुने सामुदायीक विद्यालय स्थापना गरिनेछ । त्यसको लागि उपयूक्त प्रक्रिया, स्थान र स्रोतको पहिचान कार्यको लागि सम्वद्ध क्षेत्रका जानकारहरु सँग राय परामर्श र छलफल कार्य अगाडि वढाईनेछ ।
- शिक्षण संस्थाहरुको शैक्षिक गुणस्तर वृद्धि तथा अंग्रेजी विषयको पठनपाठन सुधार गर्नको लागि गाँउपालिका क्षेत्रभित्रका सवै विद्यालयका प्रधानध्यापकहरुको भेला गरि शिक्षण संस्थाको सुधारका लागि स्वघोषणा कार्यक्रम अगाडि वढाईने छ, साथै गुणस्तरिय शिक्षाको सुनिश्चितताको लागि उपयूक्त निति अवलम्वन गरिनेछ ।
- विद्यालयहरुको भौतिक पूर्वाधार सुधार तथा शिक्षक दरबन्दी पुर्ति तथा शिक्षक तालिम संचालन गरिने छ । तालिम संचालन गर्दा विषयगत शिक्षक शिक्षण तालिम, अनुशासन र ईमान्दारीता सम्वन्धि तालिम, सरसफाई सम्वन्धि तालिम, मन्टेश्वरी तालिम, वि्द्यालय व्यवस्थापन सम्वन्धि तालिम तथा अन्य आवश्यक तालिम संचालन गरी शिक्षकको शिक्षण र व्यवस्थापकिय कार्यकुशलता वृद्धि गरिनेछ । प्रत्येक विद्यालय र शिक्षकको दरवन्दी पुनसंरचना गरिनेछ । Quality Teacher लाई प्रोत्साहन गरिनेछ । शिक्षकहरुको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासंग आवद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।
- शिक्षको गुणस्तर सुधार र अग्रेजी विषयको पठन पाठनको लागि सुत्रको आधारमा प्रति विद्यार्थी अनुदान (PCF) दिने व्यवस्था मिलाईने छ ।
- विपन्न तथा असहाय विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था र पालनपोषणमा सहयोग गरिनेछ । साथै विद्यालय शिक्षालाई रुचिकर र आकर्षक वनाउन विपन्न परिवारका विद्यार्थीलाई ड्रेस उपलव्ध गराउने गरि कार्यवधि निर्माण र लागु गरिनेछ ।
- विद्यालय तहमा कम्प्युटर शिक्षालाई विस्तार गरिनेछ साथै शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सवै मा. वि./नि.मा.विद्यालयहरुमा विद्युतिय हाजिरको व्यवस्था गरिनेछ ।
- गाउँपालिका केन्द्रमा सुविधा सम्पन्न र आधुनिक सूचना प्रविधियुक्त सामुदायिक अध्ययन केन्द्र स्थापना गरिनेछ । त्यसको लागि जनज्योती क्याम्पस पुर्कोटदहको व्यवस्थापन सँग समन्वय र सहकार्यका आधारमा आवश्यक पहल गरिनेछ ।
- बालविकास कक्षालाई व्यवस्थित र आकर्षक वनाउन प्रत्येक विद्यालयहरुमा सुविधा सम्पन्न बालउद्यान निर्माण गरिनेछ । आधारभुत तहका विद्यालयमा बहु कक्षा सन्चालनको लागि अध्ययन अनुसन्धान र पाठ्यक्रम निर्माणको काम अगाडी बढाईने छ ।
- पृथ्वी मा वि पुर्कोट दहमा कृषि विषयको (९-१२) कक्षा सन्चालन गर्न आवस्यक प्रकृया अगाडि वढाईने छ ।
- 

(ख) स्वास्थ्य, खानेपानी तथा सरसफाई

- आधारभूत र मध्यम स्तरीय स्वास्थ्य सेवा प्रत्येक वडाहरुमा उपलब्ध हुने गरी संस्थागत सुधार र जनशक्ति व्यवस्थापन गरिनेछ । प्रत्येक महिनाको एक दिन ७० वर्ष उमेर भन्दा माथिका उमेर समूहका नागरिकको अनिवार्य स्वास्थ्य जाँचको व्यवस्था मिलाईने छ । यस कार्यलाई रुचिकर वनाउन सम्वन्धित स्वास्थ्यकर्मीलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ । दलित, अल्पसंख्यक समुदायका नागरीकलाई निश्चित मापदण्डका आधारमा जटील प्रकृतिका रोगहरुको उपचारका लागि निश्चित रकम अनुदान स्वरुप उपलव्ध गराईनेछ ।
- उपयुक्त स्थानमा कम्तीमा २५ सैयाको अस्पताल, निश्चित क्षमताको आई.सि.यु सेवा, एक्सरे, सि.टि.स्क्यान, इन्डोस्कोपि, जनरल मेडिसिन, जनरल सर्जरी समेतका सुविधाहरु स्थापना र सञ्चालनको लागि कार्यप्रक्रिया अगाडि बढाइने छ ।
- प्रत्येक स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर स्थापना र सेवाग्राहीले प्राप्त गर्ने सुविधा विस्तार गरिने छ ।
- स्वास्थ्य विमा कार्यक्रमलाइ अनिवार्य वनाई लागू गरिनेछ । स्थानीय स्वास्थ्य कोष र आवस्यकता अनुसार एम्बुलेन्स सुविधा उपलब्ध गराइने छ । एम्वुलेन्स खरिदको लागि वजेटको व्यवस्था गरिएको छ ।
- निश्चित समयावधिमा घुम्ती स्वास्थ्य शिविर आयोजना गरी सबै नागरिकको स्वास्थ्य परिक्षणको ब्यवस्था मिलाइनेछ । यसलाई वार्षिक पात्रोमा नै उल्लेख हुने गरी सुनिश्चित गरिनेछ ।
- विद्यार्थिहरुलाई स्वास्थ्य सम्वन्धि चेतना जगाउने मूख्य पात्रको रुपमा उपयोग गर्दै सरकारी तथा निजी विद्यालय मार्फत यस अभियानलाई अगाडी वढाईनेछ ।
- गाँउपालिकाका सवै मा. वि तथा नि. मा. वि मा अध्ययनरत छात्राहरुको लागि Sanitary Pad उपलब्ध गराईने छ ।
- स्वास्थ्य तथा पोषणवारे जनचेतना जागृत हुने कार्यक्रमहरु संचालन गरिनेछ ।
- जनसंख्या व्यवस्थापन सम्वन्धि अभिमूखिकरण र चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानीका मुहानहरुको संरक्षण गर्ने । जोखिमममा रहेका खानेपानी मुहानको संरक्षणका लागि त्यस्ता खानेपानी मुहानको लागत संकलन गर्ने, सो को वरपर वृक्षारोपण गर्नको लागि वजेट उपलव्ध गराईनेछ ।
- श्रोत अभाव भएका बस्तीहरुमा आकाशे पानी संकलन कार्यक्रम संचालन गरिने छ ।
- फोहोरमैलाको सुरक्षित व्यवस्थापन गर्न प्रत्येक वार्डका टोलहरुमा महिनाको एक पटक सरसफाई अभियान सन्चालन गरि पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाइनेछ ।
- विद्यार्थी तथा शिक्षकलाई एकीकृत फोहोर व्यवस्थापन तालिम प्रदान गरिनेछ ।
- दलितवस्ति केन्द्रित खानेपानी तथा सरसफाई कार्यलाई प्राथामिकता दिईनेछ ।
- सार्वजानिक स्थानमा रहेका खानेपानीका मुहानहरुको एकिकृत रुपमा विकास गरि औचित्यताका आधारमा लाभग्राहि पहिचान गरि खानेपानीको वितरणलाई सहज वनाईने छ ।

## ३. पूर्बाधार विकास

- पूर्वाधार विकासको लागि योजना वैक निर्माण गरी प्रथामिकताका आधारमा पूर्वाधार विकासका योजनाहरु छनोट गरिनेछ । पूर्वाधार विकास कार्यक्रमलाई संघस्तरिय, प्रदेशस्तरिय र स्थानीय तह स्तरीय गरी विभाजन गरिनेछ ।
- मदाने गाउँपालिका तथा मातहतका सरकारी कार्यालयहरुको भौतिक संरचनाहरु निर्माण गरी सेवालाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका केन्द्रमा सुविधासम्पन्न सभाहल निर्माण गरिने छ ।
- बैङ्क तथा वित्तीय संस्थाका शाखा र सहकारी सस्थाहरुको स्थापना गरी वित्तीय क्षेत्रमा सबैको सहज पहुँच स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- सबै वडाहरुलाई जोड्न रिङ्रोड बनाई यातायात सेवा सञ्चालन गरिने छ, त्यसको लागि प्राविधिक अध्ययन कार्य तत्काल सुरुवात गरिनेछ ।
- ग्रामीण क्षेत्रका गोरेटो, घोडेटो बाटोहरुको स्तरोन्नति गरिने छ ।
- गाउँपालिकामा बस पार्क निर्माणको लागि पहल गरिने छ ।
- गाउँपालिकाको एकीकृत विकासको लागि गुरुयोजना तयार गरिने छ ।
- आगामी २ वर्षभित्र प्रत्येक घरधुरीमा विद्युत सेवा पुऱ्याईने छ ।
- काठका पोलहरु विस्थापन गरी **फलामका** पोलको व्यवस्था गरिने छ ।
- सुधारिएको चुलो प्रबर्धन गरि धुँवा मुक्त र उज्यालो घर कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- मदाने गाउँपालिका ५ मलागिरीमा वडा कार्यालय निर्माण र सञ्चालन गरिनेछ ।
- मदाने गाउँपालिका ४ स्यालपोखरीमा गाउँपालिकाले प्रदेश सरकार संघको साझेदारीमा सुविधासम्पन्न करिव ५०० क्षमताको बहुउद्देश्यिय भवन तथा सभाहल निर्माण गरिने छ ।
- मदाने गाउँपालिका ७ भनभनेमा गाउँपालिकाले प्रदेश सरकारको साझेदारीमा गाउपालिका स्तरिय खेल मैदान निर्माण गरिने छ ।
- पुर्कोदह अर्गलुङ्ग सडक, पुर्कोदह मलयगिरी सडक, पुर्कोदह सिर्सेनी सडक भनभने पुर्कोट दह सडकको स्तरोन्नती गरिने छ ।
- सैतामारे दिपक मावि जुरे ढुगा सडको स्तर उन्नती गरिनेछ ।
- मदाने गाउपालिका ६ पुर्कोट दहको कंके देउरालीमा संसद पुर्वाधार विकास कार्यक्रम संगको साझेदारीमा कंके देउराली ताल निर्माण कार्य अगाडी वडाईने छ ।
- वैकल्पिक उर्जा प्रवर्धन केन्द्रको साझेदारिमा आवस्यक ठाँउमा सडक वत्तिको व्यवस्था गरिने छ ।
- विपन्न घरधुरीका खरको छाना हटाउन चाहने आवास सुधार कार्यक्रमलाई निरन्त्रता दिईने छ ।
- भुकम्प प्रतिरोधी घर निर्माणलाई प्रोत्साहन गरिने छ ।
- घरविहीन, विपन्न तथा भूमिहीनहरुको लागि आवास सुविधा उपलब्ध गराइने छ ।

## ४. वन, बातावरण तथा विपद् ब्यवस्थापन

- मदाने क्षेत्र वरपर पाइने महत्वपूर्ण जडीवुटीको तथ्याङ्क संकलन गरी तिनको संरक्षण, उत्पादन, प्रशोधन र बजारीकरण गरी आम्दानी बढाइने छ ।

- सामुदायिक वनबाट जनताको आयस्तर बढाउन अम्रिसो, उन्नत जातका घाँस, जडीबुटी तथा फलफूल खेती गर्न प्रोत्साहित गरिने छ ।
- प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गरिने छ ।
- भूक्षय र पहिरोको जोखिममा रहेका वस्तीहरुको तथ्याङ्क संकलन गरी त्यसको व्यवस्थापनको लागि विशेष कार्यक्रम लागू गरिने छ ।
- आगामी वर्ष एक घर तीन फलफुल विरुवा रोप्ने कार्यक्रमलाई अभियानको रुपमा वढाईनेछ ।

## ५. वालवालिका, युवा, वृद्ध/वृद्धा लक्षित कार्यक्रम

- आगामी २ वर्ष भित्र वालमैत्री स्थानिय सासनका मापडण्ड पुरा गरि वालमैत्री स्थानिय सासन लागु गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका मानव संशाधनको लगत तयार गरी क्रमशः अध्यावधिक गरिनेछ ।
- गाउँपालिकाको उपयूक्त स्थानमा व्यवस्थित रङ्गशाला, कभर्डहल र वडास्तरमा खेलमैदानहरुको निर्माण गरिनेछ ।
- व्यवसाय तथा उद्यम गर्न चाहने युवाहरुलाई सहुलियत ऋणको व्यवस्था गरिनेछ ।
- पूर्वाधार निर्माणका काममा स्थानीय युवाहरुलाई प्राथमिकता दिइनेछ ।
- व्यवसायिक कृषि तथा पशुपालन गर्ने युवाहरुलाई सीप, प्रविधि तथा उपकरण उपलब्ध गराईनेछ ।
- असहाय तथा ज्येष्ठ नागरिकहरुका लागि उपयुक्त स्थानमा सुविधासम्पन्न आवास गृह निर्माण गरिनेछ ।
- ज्येष्ठ नागरिक, अतिविपन्न र असहायहरुको निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गरिने छ ।
- महिला हिंसा, बालविवाह, बहुविवाह, जातीय छुवाछुतजस्ता गैरकानुनी कार्य नियन्त्रण गरी समतामूलक समाज निर्माणमा जोड दिईने छ ।
- गाँउपालिकामा रोजगार सूचना कक्ष स्थापना गरीनेछ ।
- स्थानीय राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम मानव शक्तिको विकासमा लगानी गरिने छ ।
- बिभिन्न निकाय तथा संस्थाहरुसंग समन्वय गरी ब्यवसायिक तथा सिप विकासका तालिमहरु जस्तै क) जनरल मेकानिक्स ख) विद्युत जडान ग) पलम्विङ घ) महिला तथा पुरुष केश श्रृङ्गार ङ) सिलाई कटाई च) इलेक्ट्रनिक्स मर्मत छ) व्यवसायिक कृषि ज) पाक शिक्षा लगायतका कार्यक्रम सञ्चालन गर्ने ।
- वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गरी तत्कालिन अवस्थाको सूचना अध्यावधिक गरिने छ ।

## ६. <u>वित्तिय ब्यवस्थापन, सुशासन तथा पारदर्शिता</u>

- गाउँपालिकाको आयव्यय पारदर्शी तथा सेवालाई छिटोछरितो बनाइने छ, सवै आर्थिक कारोवारहरु वैंकिङ् प्रणाली मार्फत गरिनेछ ।
- विकासनिर्माण कार्यमा समयमै काम र तत्कालै भुक्तानीको नीति लिइने छ ।

- भ्रष्टाचार विरुद्ध शून्य शहनशिलताको मान्यता र सदाचार पद्धतिको प्रवर्द्धन गरिने छ ।
- पसलहरुमा अनिवार्य मूल्य सूची राख्नु पर्ने व्यवस्था गरी मूल्य र गुणस्तरको नियमित अनुगमन गरिने छ ।
- अन्य छिमेकी गाउँपालिका र नगरपालिकाहरुसँग सुमधुर सम्बन्ध कायम गरी विकास साझेदारीको रणनीति अवलम्बन गरिने छ ।
- स्रोत साधनहरुको अधिकतम परिचालन गरी गाउँपालिकाको आन्तरिक आय बृद्धिमा विशेष जोड दिईने छ ।

कृषि, शिक्षा, स्वास्थ्य, विज्ञान /प्रविधि, पर्यटन तथा वातावरण, उद्योग, भाषा / संस्कृति, भौतिक निर्माण तथा यातायात, जन प्रशासन, सुरक्षा लगायतका क्षेत्रहरुमा अनुसन्धान तथा विकासका लागि संवन्धित क्षेत्रका विज्ञहरुको सुझावलाई आधार बनाई कार्ययोजना वनाईनेछ । नीति तथा कार्यक्रमहरुको समयवद्ध रुपमा कार्यान्वयन गर्न समग्र क्रियाकलाप र प्रक्रिया सहितको विस्तृत कार्ययोजना निर्माण गरिनेछ ।

समृद्ध मदाने, सुखी मदाने हामी सवैको चाहना हो । हामी यस चाहनालाई साकार पार्न गाँउपालिका परिवार, राजनैतिक दल, स्थानीय जनसमुदाय, वुद्धीजीवी समाजसेवी, नागरिक समाज, व्यवसायिक क्षेत्र, सहकारी क्षेत्र, गैह्रसरकारी क्षेत्र, शिक्षक विद्यार्थी, सुरक्षा निकाय, उपभोक्ता समिति, आमा समुहहरु आदि सवैको सहयोग, सहकार्य र सहभागिताको महत्वपूर्ण भूमिकाको अपेक्षा राखेको छु ।

<u>धन्यावाद</u>

दान वहादुर खत्री क्षेत्री

अध्यक्ष

मदाने गाँउपालिका पुर्कोटदह,गुल्मी ।